# Report of one day workshop on Current Political Affairs held at Pokhara, Nepal

राजनीतिशास्त्र विद्यार्थी संघ पृथ्वीनारायण क्याम्पस पोखराको आयोजनामा यही मंसिर ६ गतेका दिन संविधान सभा र राज्यको पुन : संरचा किन र कसरी विषयक अन्तरक्रियात्मक छलफल कार्यक्रम संपन्न गरेको छ। ।राजनीतिशास्त्र विभागका विभागीय प्रमुख तारा बरालको प्रमुख आतिथ्य र राजनिती शास्त्र विद्यार्थी संघका सभापति लेखनाथ पोखरेलको अध्यक्षतामा आयोजना भएको सो कार्यक्रममा सह प्राध्यापक श्री पद्मशरण रेग्मीले संविधान सभा र नेपालीराजनिती तथा आंशिक प्रध्यापक श्री गिरधारी दाहाल ले सुदृढ नेपालको निम्ती राज्यको पुन :संरचना विषयमा कार्यपत्र प्रस्तुत गर्नु भएकोथियो । आपऱ्नो कार्यपत्र प्रस्तुत गर्दै सह प्राध्यापक श्री रेग्मीले संविधान सभालाई परिभाषीत तथा लिखीत संविधान निर्माणमा संविधान सभा विश्व संदर्भ र नेपाली संदर्भ प्रस्तुत गर्नुभएको थियो साथै आपऱ्नो कार्यपत्र प्रश्न उठान मात्र हो कार्यपत्र आफैमा पुरा कुनैपनि हुदैन भन्नुभयो । श्री दाहालले राज्यको पुन :संरचना गर्दा म अञ्चललाई नै संघिय राज्य बनाई संघियराज्य निर्माण गर्नुपर्ने आपऱ्नो राय प्रस्तुत गर्नुभएको थियो ।

सो अवसरमा बोल्दै नेकपा एमाले जिल्ला सचिव श्री रविन्द्रनाथ अधिकारीले संविधान सभाको काम संविधान निर्माण गर्ने मात्र नभै विद्यार्थी को निर्माणगर्नु पनि हुन्छ । संविधान सभाको स्थानीय स्तरमा सरलभाषमा बुभ्ने गरी प्रचार गर्न तथा जनतालाई बुझाउन यस्ता कार्यक्रमले सहयोग पुर्‍याउने बताउनु भयो भने नेकपा काग्रेसका सचिव कास्की श्री पोषनाथ शर्माले जनता द्धारा जनताकै लागी भन्ने भनाई पसरा गर्न संविधान सभा मा जानु परेको बताउनु भयो भने बरिष्ट मानव अधिकार वादी नेता श्री टेकनाथ बरालले ऐतिहासीक जनआन्दोलन ले राजतन्त्र लाई पाखालगाई सकेको छ र यसलाई व्ववस्थीत गर्ने जिम्मा युवा तथा सचेत विद्यार्थी हरुको हो साथै अग्रगमनको लागी युवा अगाडी बढ्नु जरुरी छ भन्नु को साथै संविधान सभालाई व्यवस्थीत गर्नको लागी के गर्न सकिन्छ भनी प्रतिप्रश्न पनि गर्नुभयो ।सोही अवसरमा बोल्दै त्रि.वि. प्राध्यापक संघ उपसभापति श्री गोरख प्रसाद ओझा ले कर्णाली अञ्चललाई एक छुट्टै संघिय राज्यबनाई ५ विकास क्षेत्रलाई पाँच संघिय राज्य बनाई कुल ६ संघिय राज्य बनाउनु पर्ने राजतन्त्र फाल्नै पर्ने र ऐतिहासिक आन्दोलन ले राजाको बाह्य शक्ति घटेपनि वास्तविक शक्ति नघटेको बताउनु भयो ।

त्यसैगरी विभागीय प्रमुख ( राजनितीशास्त्र ) श्री तारा बरालले प्रमुख अतिथीको आसन बाट बोल्दै समाजलाई परिवर्तन गर्न आफुले बुझेका कुरा अरुलाई बुझाउन स्थानीय सरल भाषामा बुभ्नो गरी बुझाउनु पर्दछ र इतिहास बाट पाठ सिकेर राज्य सामन्तवादी र मुठ्ठीभरका शासक को नभै सबैको हो र राज्यमा जनताको महत्वपूर्ण भुमीका हुन्छ भन्ने मान्यता अनुसार आफु आपऱ्नै लागी होम्ने कुरामा सचेत गराउनु तपाई विद्यार्थी हरुको

जिम्मेवारी हो भन्नु भयो सो अवसरमा राजनितीशास्त्र विद्यार्थी संघका उपसभापति श्री गंगा बहादुर क्षेत्रीले स्वागत मन्तव्य दिनु भएको थियो भने राजनितीशास्त्र विभागका भुतपुर्व प्रमुख श्री सुर्यरत्न  शाक्य इन्सेक प्रतिनीधि गणेश श्रेष्ठ ,स्ववियु सभापति पदम गिरी ,नेपाल विद्यार्थी संघका सन्तोष पहारी ,योगराज लामिछाने जिल्ला कमीटि अध्यक्ष दिलीप न्यौपाने ,अनेरा स्ववियु (कान्तिकारी ) जिल्ला कमिटी अध्यक्ष मदन आले ,विष्णु पौडेल (नेकपा माओवादी ) विद्यार्थी प्रताप पौडेल ,इन्द्रबहादुर खड्का ,भुवन सुवेदी , दिलीप आले मगर ,विजयराम भुसाल कृष्ण उदाशी , अखील नेपाल शिक्षक संगठन कास्की साथै प्राध्यापकहरु गिरीधारी सुवेदी ,भिम बराल तथा पत्रकार सुष्मा पौडेल र निशा विश्व कर्मा लगायतले सो अवसरमा बोल्नु भएको थियो भने कार्यक्रमको संचालन संघका सचिव श्री अमर भुषालले गर्नुभएको थियो ।

लेखनाथ पोखरेल
सभापति
राजनितीशास्त्र विद्यार्थी संघ
पृथ्वीनारायण क्याम्पस,पोखरा
फोन.नं :-९८४६०६१८८४